# स्थानीय राजपत्र

## शिवपुरी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ८) शेरावगर, नुवाकोट, २०८१ साल पुष २९ गते (संख्याः १७

# भाग – २

**शिवपुरी गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि बनाएको हुनाले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।**

## सम्मान तथा पुरस्कृत छनौट कार्यविधि, २०८१

स्वीकृत मितिः २०८१/०९/२८

**प्रस्तावनाः**

शिवपुरी गाउँपालिका स्वास्थ्य तथा सरसफाइ शाखा अन्तर्गत १ वटा शिवपुरी आधारभुत अस्पताल, ८ वटा स्वास्थ्य चौकीहरु र २ वटा ग्रामीण सामुदायिक स्वास्थ्य इकाईहरु गरी जम्मा ११ स्वास्थ्य संस्थाहरु छन् । यी स्वास्थ्य संस्थाहरुले महिला, बालबालिका, किशोरकिशोरी, वयस्क, जेष्ठ नागरिक लगाएत फरक क्षमता भएका विभिन्न उमेर समूहका सेवाग्राहीहरुलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा आकस्मिक, ओ.पि.डि., खोप गाँउघर क्लिनिक, महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविका, विद्यालय नर्स, स्वास्थ्य आमा समूह आदि मार्फत नियमित रुपमा सेवा प्रदान गर्दै आइरहेका छन् ।

कार्यसम्पादन, पेशाप्रति कर्तव्यनिष्ठ तथा इमान्दार, अनुशासित, लगनसील एवं सिर्जनसिलता आदिको आधारमा उत्कृष्ट सेवा प्रदान गर्ने स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी, विद्यालय नर्स तथा अन्य

कर्मचारीहरुलाई, महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविका र स्वास्थ्य आमा समुहलाई उच्च सम्मान र मनोबल बढाउन वार्षिकरुपमा उत्कृष्ट कर्मचारी छनौट गरी सम्मान तथा पुरस्कृत गर्न वान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम यो सम्मान तथा पुरस्कृत छनौट कार्यविधि, २०८१ तयार गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम "सम्मान तथा पुरस्कृत छनौट कार्यविधि, २०८१" रहेको छ ।

(ख) यो कार्यविधि गाँउ कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) “गाँउपालिका” भन्नाले शिवपुरी गाँउपालिका सम्झनु पर्दछ ।

(ख) “कार्यक्रम” भन्नाले शिवपुरी गाँउपालिकाबाट कर्मचारीलाई सम्मान तथा पुरस्कृत गरिने कार्यक्रम वा क्रियाकलापलाई सम्झनु पर्दछ ।

(ग) “निकाय” भन्नाले स्थानीय तह अन्तर्गतका अस्पताल,स्वास्थ्य चौकी,ग्रामीण सामुदायिक स्वास्थ्य इकाइहरु सम्झनु पर्दछ ।

(घ) “मूल समारोह समिति” भन्नाले नियम ४ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

(ङ) “पुरस्कार सिफारिस समिति” भन्नाले नियम ५ बमोजिम गठित सम्मान र पुरस्कृत सिफारिश समिति सम्झनु पर्दछ ।

## परिच्छेद-२
## सम्मान तथा पुरस्कृत छनौट कार्यक्रम सञ्चालन र व्यवस्थापन

**३. सम्मान समारोह** : स्वास्थ्य दिवस वा अन्तराष्ट्रिय स्वयम् सेवक दिवसका दिन सम्मान तथा पुरस्कृत कार्यक्रम गरिनेछ ।

**४. मूल समारोह समिति** : नियम ३ बमोजिम सम्मान तथा पुरस्कृत कार्य सञ्चालन तथा व्यवस्थापनको लागि देहाय बमोजिमको एक मूल समारोह समिति रहनेछ ।

| | |
|---|---|
| (क) गाउँ पालिकाको अध्यक्ष | संयोजक |
| (ख) गाउँ पालिकाको उपाध्यक्ष | सह संयोजक |

(ग) सुशासन तथा संस्थागत विकास समिति संयोजक — सदस्य
(घ) प्रमुख प्रशासकीय अधिकृत — सदस्य
(ङ) प्रशासन शाखा प्रमुख — सदस्य
(च) आर्थिक प्रशासन शाखा प्रमुख — सदस्य
(छ) स्वास्थ्य तथा सरसफाई शाखा प्रमुख — सदस्य सचिव

**५. सम्मान र पुरस्कृत सिफारिस समितिः**

सम्मान तथा पुरस्कृत छनौट गर्न स्थानीय तहमा कार्यरत उत्कृष्ट स्वास्थ्य संस्था, कर्मचारी, विद्यालय नर्स, महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविका, स्वस्थ्य आमा समुहलाई प्रदान गरिने पुरस्कारलाई वस्तुगत, निष्पक्ष र पारदर्शी ढंगले प्रदान गर्ने व्यवस्थाको लागि स्थानीय सरकार समक्ष सिफारिस गर्न देहाय बमोजिमको एक सम्मान र पुरस्कार सिफारिस समिति रहनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत — संयोजक
(ख) सामाजिक विकास समितिका संयोजक — सदस्य
(ग) प्रशासन शाखा प्रमुख — सदस्य
(घ) आर्थिक प्रशासन शाखा प्रमुख — सदस्य
(ङ) स्वास्थ्य तथा सरसफाई शाखा प्रमुख — सदस्य सचिव

**६. पुरस्कृत सिफारिस समितिको काम, कर्तव्य र अधिकारः** पुरस्कृत सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) नियम ५ बमोजिम सम्मान र पुरस्कृतका लागि सिफारिस भई आएका कर्मचारी,समूह, संस्था र व्यक्तिको विवरण मूल्याङकन गर्ने

(ख) खण्ड (क) बमोजिम मूल्याङकन गरिसकेपछि कर्मचारी, संस्था र समूहलाई पुरस्कार प्रदान गर्न मूल समारोह समिति तथा स्थानीय सरकार समक्ष सिफारिस गर्ने ।

**७. सम्मान र पुरस्कार सिफारिसको आधारः**

(क) अनुसूची-१ अनुसार उत्कृष्ट कर्मचारीको छनौट गर्ने
(ख) अनुसूची-२ अनुसार उत्कृष्ट स्वास्थ्य संस्थाको छनौट गर्ने
(ग) अनुसूची-३ अनुसार उत्कृष्ट महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाको छनौट गर्ने
(घ) अनुसूची-४ अनुसार उत्कृष्ट स्वास्थ्य आमा समहूको छनौट गर्ने
(ङ) अनुसूची-५ अनुसार स्वास्थ्य संस्थाको अनुगमन तथा सुपरिवेक्षण गर्ने
(छ) अनुसूची-६ अनुसार अन्य उत्कृष्ट कर्मचारी छनौट गर्ने

गाउँपालिकामा कार्यरत उत्कृष्ट कर्मचारी र उत्कृष्ट स्वास्थ्य संस्थाको छनौट पालिका स्तरको सम्मान र पुरस्कार सिफारिस समितिले गर्नेछ । वडागत उत्कृष्ट महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविका र उत्कृष्ट स्वास्थ्य आमा समहूको छनौट सम्बन्धित वडाको स्वास्थ्य संस्था र स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले गर्नेछ र सम्मानको लागि गाँउपालिकामा पेश गर्नेछ ।

## परिच्छेद-३
## विविध

८. **आर्थीक व्यवस्थाः** कार्यक्रमको लेखा, आर्थिक कारोवार गर्दा आर्थिक कार्यविधि ऐन २०५५, आर्थिक कार्यविधि नियमावली २०६४, सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम गरिनेछ ।

९. **अनुगमन, मुल्याङकन तथा प्रतिवेदन सम्वन्धि ब्यवस्थाः** यस कार्यक्रमको अनुगमन तथा मुल्याङन मूल समारोह समितिले गर्नेछ । उत्कृष्ट कर्मचारी/संघ/संस्था/व्यक्तिलाई कार्यक्रममा सम्मान पत्र प्रदान गरिनेछ । कार्यक्रम सम्पन्न भए पश्चात् शाखाले कार्यक्रम मूल समारोह समिति समक्ष प्रतिवेदन पेश गर्नेछ ।

१०. **थपघट वा हेरफेर गर्न सक्ने**

(क) यस कार्यविधि कार्यान्वयनलाई थप ब्यवस्थित र प्रभावकारी बनाउन गाउँपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

(ख) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्प्रष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि गाउँपालिकाले ब्याख्या गर्ने छ ।

## अनुसूची-१

## उत्कृष्ट कर्मचारी छनौटको आधार फाराम

**(क) कर्मचारीको व्यक्तिगत विवरणः** **आ.व. .............**

(क) कर्मचारीको नाम थर र ठेगानाः

(ख) हाल कार्यरत कार्यालयः

(ग) पदः श्रेणी/तहः

(घ) सेवाः समूह/उपसमूहः

(ङ) कर्मचारी संकेत नंः

(च) शुरु नियुक्ति मितिः

(छ) स्थानीय सरकारको सेवाको प्रवेश गरेको मितिः

(ज) स्थायी लेखा नं.

**(ख) सम्मान र पुरस्कार सिफारिसको आधारः**

(क) स्थानीय सरकारको सेवामा अविछिन्न रुपमा एक वर्ष भन्दा बढी समयसम्म काम गरेको,

(ख) कुनै पनि विभागिय सजाय नपाएको,

(ग) सम्पति विवरण नियमित रुपमा पेश गरेको

(घ) निजको नाममा कुनै पनि व्यक्तिगत बेरुजु नरहेको,

(ङ) पुरस्कारका लागि सिफारिश अवधिमा अध्ययन विदा र असाधारण विदा नलिएको,

(च) एकै आर्थिक वर्षमा स्थानीय सरकारबाट प्रदान गरिने अन्य पुरस्कार नपाएको,

(छ) कार्यसम्पादन क्षमता र कार्यसम्पादन सीपमा उत्कृष्ट रहेको

(ज) सुपरिवेक्षक र सहयोगीसँगको व्यवहार र समन्वय क्षमता राम्रो भएको

(झ) कार्यसम्पादनमा सुधारका लागि अग्रसरता र सिर्जनशिलता देखाएको

(ञ) सदाचार,नैतिकता र आचरणको पालना गरेको

(ट) पछिल्लो एक वर्षमा गयल कट्टीमा नपरेको

(ठ) नियमित उपस्थित,अनुशासित र कर्तव्यनिष्ठ रहेको

(ड) कार्यालय समयमा नियमित पोषाक र परिचय पत्र पहिरने गरेको

# अनुसूची-२
## उत्कृष्ट स्वास्थ्य संस्थाको छनौटको आधार फाराम

स्वास्थ्य संस्थाको नामः ..................... आ.वः ........

वडा नं...............

स्वास्थ्य संस्थाहरुको मूल्याङ्कन मापदण्डः कुल पूर्णाङ्कः १००

**खण्डः १ न्युनतम सेवा मापदण्ड (अधिकतम अंकः १०)**

| क्र.सं. | सूचकको नाम | मापन(अवलोकन गर्ने,रुजु गर्ने) | मापदण्ड | अंक | कैफियत |
|---|---|---|---|---|---|
| १ | न्युनतम सेवा मापदण्ड(Minimum Service Standard:MSS) | जनस्वास्थ्य कार्यालयको समन्वयमा तेस्रो पक्षबाट निर्देशिका बमोजिम मापन | १००% प्रगति | १० | |
| | | | ९१ देखि ९९ प्रतिशत | ९ | |
| | | | ८१ देखि ९० प्रतिशत | ८ | |
| | | | ७१ देखि ८० प्रतिशत | ७ | |
| | | | ६१ देखि ७० प्रतिशत | ६ | |
| | | | ५१ देखि ६० प्रतिशत | ५ | |
| | | | ४१ देखि ५० प्रतिशत | ४ | |
| | | | ४० प्रतिशत भन्दा कम | ३ | |

**नोटः न्युनतम सेवा मापदण्डको पछिल्लो मापन अंकलाई आधार मानिनेछ ।**

**खण्डः २ प्रतिवेदन अवस्था (अंकः ९)**

| क्र. सं. | सूचकको नाम | मापन (अवलोकन गर्ने,रुजु गर्ने) | मापदण्ड | अंक | कै. |
|---|---|---|---|---|---|
| १ | प्रतिवेदन पूर्णता र समयसिमा( dhis2 Report completeness and Timeliness) | सेवा रजिष्टर, मासिक अनुगमन तालिका,मासिक प्रगति प्रतिवेदन,HMIS 9.3/9.4,dhis2 | ९० प्रतिशत भन्दा बढी | ३ | |
| | | | ७० देखि ९० प्रतिशत प्रगति | २ | |
| | | | ७० प्रतिशत भन्दा कम | १ | |
| २ | लजिस्टिक पूर्णता र समयसिमा (eLMIS Report Completeness and Timeliness) | जिन्सी रजिष्टर, eLMIS Monthly Report | ९० प्रतिशत भन्दा बढी | ३ | |
| | | | ७० देखि ९० प्रतिशत प्रगति | २ | |
| | | | ७० प्रतिशत भन्दा कम | १ | |
| ३ | ई टिबीमा प्रतिवेदन पूर्णता र समयसिमा (eTB Reporting Completeness) | क्षयरोग उपचार रजिष्टर,ईटिबी रजिष्टर, मासिक अनुगमन तालिका,मासिक प्रगति प्रतिवेदनHMIS 9.3/9.4,dhis2 | ९० प्रतिशत भन्दा बढी | ३ | |
| | | | ७० देखि ९० प्रतिशत प्रगति | २ | |
| | | | ७० प्रतिशत भन्दा कम | १ | |

## खण्ड ३ राष्ट्रिय खोप कार्यक्रम (अधिकतम अंकः १५)

| क्र.सं. | सूचकको नाम | मापन(अवलोकन गर्ने,रुजु गर्ने) | मापदण्ड | अंक | कै. |
|---|---|---|---|---|---|
| १ | डिपिटि हेप बी हिप १ कभरेज(DPT HepBHiv1 coverage) | खोप रजिष्टर,मासिक अनुगमन तालिका,मासिक प्रगति प्रतिवेदन (dhis2,HMIS 9.3/9.4) | ९० प्रतिशत भन्दा बढी | ३ | |
| | | | ७० देखि ९० प्रतिशत | २ | |
| | | | ७० प्रतिशत भन्दा कम | १ | |
| २ | दादुरा रुबेला २ कभरेज(Measles Rubella 2 Coverage) | खोप रजिष्टर,मासिक अनुगमन तालिका,मासिक प्रगति प्रतिवेदन (dhis2,HMIS9.3/9.4) | ९० प्रतिशत भन्दा बढी | ३ | |
| | | | ७० देखि ९० प्रतिशत प्रगति | २ | |
| | | | ७० प्रतिशत भन्दा कम | १ | |
| ३ | टि.डी.२ र टि.डी.२ कभरेज प्रतिशत (TD2 & TD2+ Coverage) | खोप रजिष्टर,मासिक अनुगमन तालिका,मासिक प्रगति प्रतिवेदन (dhis2,HMIS9.3/9.4) | ९० प्रतिशत भन्दा बढी | ३ | |
| | | | ७० देखि ९० प्रतिशत प्रगति | २ | |
| | | | ७० प्रतिशत भन्दा कम | १ | |
| ४ | खोप कार्यक्रमको सुक्ष्म योजना (Microplanning of Immunization Program) | खोप कार्यक्रमको सुक्ष्म योजना फाराम | प्रत्येक आ व को श्रावण ७ गते भित्र शाखामा पेश गरेको | ३ | |
| | | | प्रत्येक आ व को श्रावण मसान्तभित्र शाखामा पेश गरेको | २ | |
| | | | प्रत्येक आ व को श्रावण मसान्तपछि शाखामा पेश गरेको | १ | |
| ५ | पूर्ण खोप पाउने बालबालिकाको प्रतिशत (Percent of full immunized children enrolled in immunization program) | खोप रजिष्टर,मासिक अनुगमन तालिका,मासिक प्रगति प्रतिवेदन(dhis2,HMIS9.3/9.4) | १०० प्रतिशत भए | १ | |
| | | | १०० प्रतिशत नभए | ० | |
| ६ | मासिक रुपमा खोप क्लिनिक सञ्चालन प्रतिशत(Monthly Regular Immunization Clinic planned vs conducted ) | खोप रजिष्टर,मासिक अनुगमन तालिका,मासिक प्रगति प्रतिवेदन (dhis2,HMIS9.3/9.4) | १०० प्रतिशत भए | २ | |
| | | | ९० देखि ९९ प्रतिशत प्रगति | १ | |
| | | | ९० प्रतिशत भन्दा कम | ० | |

## खण्डः ४ पोषण कार्यक्रम (अधिकतम अंकः १५)

| क्र.सं. | सूचकको नाम | मापन(अवलोकन गर्ने,रुजु गर्ने) | मापदण्ड | अंक | कै. |
|---|---|---|---|---|---|
| १ | वृद्धि अनुगमन (Growth Monitoring ) | पोषण रजिष्टर,मासिक अनुगमन तालिका,मासिक प्रगति प्रतिवेदन | ९० प्रतिशत भन्दा बढी भए | ३ | |
| | | | ७० देखि ९० प्रतिशत भए | २ | |

| क्र.सं. | सूचकको नाम | मापन(अवलोकन गर्ने,रुजु गर्ने) | मापदण्ड | अंक | कै. |
|---|---|---|---|---|---|
| | | (dhis2,HMIS9.3/9.4) | ७० प्रतिशत भन्दा कम भए | १ | |
| २ | १८० चक्की आइरन फोलिक एसिड चक्की पाएका गर्भवती प्रतिशत (Percent of pregnant women who received 180 IFA) | मातृ तथा नवजातशिशु रजिष्टर,मासिक अनुगमन तालिका,मासिक प्रगति प्रतिवेदन (dhis2,HMIS9.3/9.4) | ९० प्रतिशत भन्दा बढी भए | ३ | |
| | | | ७० देखि ९० प्रतिशत भए | २ | |
| | | | ७० प्रतिशत भन्दा कम भए | १ | |
| ३ | पूर्ण स्तनपान गरेका बालबालिकाको प्रतिशत (Percent of exclusive breast feeding children) | पोषण रजिष्टर,मासिक अनुगमन तालिका,मासिक प्रगति प्रतिवेदन (dhis2,HMIS9.3/9.4) | ९० प्रतिशत भन्दा बढी | ३ | |
| | | | ७० देखि ९० प्रतिशत प्रगति | २ | |
| | | | ७० प्रतिशत भन्दा कम | १ | |
| ४ | १८० प्याकेट बालभिटा पाएका बालबालिकाको प्रतिशत (Pertcent opf children who received 180 sachets Balvita/MNP) | पोषण रजिष्टर,मासिक अनुगमन तालिका,मासिक प्रगति प्रतिवेदन (dhis2,HMIS9.3/9.4) | ९० प्रतिशत भन्दा बढी | ३ | |
| | | | ७० देखि ९० प्रतिशत प्रगति | २ | |
| | | | ७० प्रतिशत भन्दा कम | १ | |
| ५ | २६ हप्तासम्म आइरन फोलिक एसिड चक्की पाएका १० देखि १९ वर्षका किशोरीहरुको प्रतिशत (Percent of 10-19 years female adolescents who received 26 weeks IFA tablets) | पोषण रजिष्टर,मासिक अनुगमन तालिका,मासिक प्रगति प्रतिवेदन (dhis2,HMIS9.3/9.4) | ९० प्रतिशत भन्दा बढी | ३ | |
| | | | ७० देखि ९० प्रतिशत प्रगति | २ | |
| | | | ७० प्रतिशत भन्दा कम | १ | |

**खण्ड: ५ सुरक्षित मातृत्व कार्यक्रम (अधिकतम अंक: १५)**

| क्र.सं. | सूचकको नाम | मापन(अवलोकन गर्ने,रुजु गर्ने) | मापदण्ड | अंक | कै. |
|---|---|---|---|---|---|
| १ | प्रोटोकल अनुसार ८ पटक गर्भवती जाँच गरेको (protocally eight ANC Visits among expected live births) | मातृ तथा नवशिशु रजिष्टर,मासिक अनुगमन तालिका,मासिक प्रगति प्रतिवेदन dhis2,HMIS9.3/9.4) | ९० प्रतिशत भन्दा बढी | ३ | |
| | | | ७० देखि ९० प्रतिशत प्रगति | २ | |
| | | | ७० प्रतिशत भन्दा कम | १ | |
| २ | संस्थागत सुत्केरी (Institutional delivery) | मातृ तथा नवशिशु रजिष्टर,मासिक अनुगमन तालिका,मासिक प्रगति प्रतिवेदन (dhis2,HMIS9.3/9.4) | ९० प्रतिशत भन्दा बढी | ३ | |
| | | | ७० देखि ९० प्रतिशत प्रगति | २ | |
| | | | ७० प्रतिशत भन्दा कम | १ | |

| क्र.सं. | सूचकको नाम | मापन(अवलोकन गर्ने,रुजु गर्ने) | मापदण्ड | अंक | कै. |
|---|---|---|---|---|---|
| ३ | प्रोटोकल अनुसार ४ पटक सुत्केरी तथा नवजात शिशु जाँच गरेको प्रतिशत (Percent of four PNC visits as per protocol) | मातृ तथा नवशिशु रजिष्टर,मासिक अनुगमन तालिका,मासिक प्रगति प्रतिवेदन (dhis2,HMIS9.3/9.4) | ९० प्रतिशत भन्दा बढी | ३ | |
| | | | ७० देखि ९० प्रतिशत प्रगति | २ | |
| | | | ७० प्रतिशत भन्दा कम | १ | |
| ४ | घरमा सुत्केरी भएको प्रतिशत (Percent of home del;ivery) | मातृ तथा नवशिशु रजिष्टर,मासिक अनुगमन तालिका,मासिक प्रगति प्रतिवेदन dhis2,HMIS9.3/9.4), अनुगमन | शुन्य प्रतिशत भए | २ | |
| | | | ५ प्रतिशत भन्दा कम | १ | |
| | | | ५ प्रतिशत भन्दा बढी | ० | |
| ५ | गर्भावस्था तथा सुत्केरी अवस्थामा पिएमटीसिटी जाँच गरेको प्रतिशत (PMTCT Test %) | मातृ तथा नवशिशु रजिष्टर,मासिक अनुगमन तालिका,मासिक प्रगति प्रतिवेदन dhis2,HMIS9.3/9.4) | १०० प्रतिशत | २ | |
| | | | ७० देखि ९९ प्रतिशत प्रगति | १ | |
| | | | ७० प्रतिशत भन्दा कम | ० | |
| ६ | किशोरावस्थामा गर्भवती प्रतिशत (Percent of teenage pregnancy) | मातृ तथा नवशिशु रजिष्टर,मासिक अनुगमन तालिका,मासिक प्रगति प्रतिवेदन (dhis2,HMIS9.3/9.4) | शुन्य प्रतिशत | २ | |
| | | | ५ प्रतिशत भन्दा कम | १ | |
| | | | ५ प्रतिशत भन्दा बढी | ० | |

### खण्डः ६ एकीकृत बालरोग व्यवस्थापन (अधिकतम अंकः २)

| क्र.सं. | सूचकको नाम | मापन(अवलोकन गर्ने,रुजु गर्ने) | मापदण्ड | अंक | कै. |
|---|---|---|---|---|---|
| १ | समुदायमा आधारित एकीकृत बालरोग व्यवस्थापन (Community Based-Integrated management of Neonatal and Childhood illness) | एकीकृत बालरोग व्यवस्थापन रजिष्टर,मासिक अनुगमन तालिका,मासिक प्रगति प्रतिवेदन (dhis2,HMIS9.3/9.4) | लक्षण तथा चिन्हको आधारमा प्रोटोकल अनुसार वर्गीकरण र उपचार दुवै मिलेमा | २ | |
| | | | लक्षण तथा चिन्हको आधारमा प्रोटोकल अनुसार वर्गीकरण र उपचार कुनै एक मिलेमा | १ | |
| | | | लक्षण तथा चिन्हको आधारमा प्रोटोकल अनुसार वर्गीकरण र उपचार दुवै नमिलेमा | ० | |

### खण्डः ७ परिवार योजना कार्यक्रम (अधिकतम अंकः ३)

| क्र.सं. | सूचकको नाम | मापन(अवलोकन गर्ने,रुजु गर्ने) | मापदण्ड | अंक | कै. |
|---|---|---|---|---|---|
| १ | परिवार नियोजनको अस्थायी साधन (पिल्स, डिपोप्रोभेरा, इम्प्लान्ट र आईयूसिडी) को हाल प्रयोगकर्ता दर | परिवार नियोजन सेवा रजिष्टर,मासिक अनुगमन तालिका,मासिक प्रगति प्रतिवेदन (dhis2,HMIS 9.3/9.4) | ४० प्रतिशत भन्दा बढी | ३ | |
| | | | २५ देखि ३९ प्रतिशत | २ | |
| | | | २५ प्रतिशत भन्दा कम | १ | |

| क्र.सं. | सूचकको नाम | मापन(अवलोकन गर्ने,रुजु गर्ने) | मापदण्ड | अंक | कै. |
|---|---|---|---|---|---|
| | (Contraceptive Prevalance Rate :CPR) | | | | |

## खण्डः ८ क्षयरोग नियन्त्रण कार्यक्रम (अधिकतम अंकः ८)

| क्र.सं. | सूचकको नाम | मापन(अवलोकन गर्ने,रुजु गर्ने) | मापदण्ड | अंक | कै. |
|---|---|---|---|---|---|
| १ | क्षयरोग केस पत्ता लगाउने दर (TB: Case Notification Rate,CNR) | क्षयरोग रजिष्टर,मासिक अनुगमन तालिका,मासिक प्रगति प्रतिवेदन (dhis2, HMIS9.3/9.4,eTB) | ९० प्रतिशत भन्दा बढी | ३ | |
| | | | ७० देखि ९० प्रतिशत प्रगति | २ | |
| | | | ७० प्रतिशत भन्दा कम | १ | |
| २ | क्षयरोग उपचार सफलता दर (Treatment Success Rate) | क्षयरोग रजिष्टर,मासिक अनुगमन तालिका,मासिक प्रगति प्रतिवेदन (dhis2,HMIS9.3/9.4,eTB) | १००% | ३ | |
| | | | ९० देखि ९९ प्रतिशत | २ | |
| | | | ९० प्रतिशत भन्दा कम | १ | |
| ३ | शंकासपद क्षयरोगको खकार नमुना संकलन दर (Presumptive TB cases Sputum Slides Collection Rate) | क्षयरोग रजिष्टर,मासिक अनुगमन तालिका,मासिक प्रगति प्रतिवेदन dhis2, HMIS9.3/9.4, eTB) | ९० प्रतिशत भन्दा बढी | २ | |
| | | | ७० देखि ९० प्रतिशत प्रगति | १ | |
| | | | ७० प्रतिशत भन्दा कम | ० | |

## खण्डः ९ महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका कार्यक्रम (अधिकतम अंकः ३)

| क्र.सं. | सूचकको नाम | मापन(अवलोकन गर्ने,रुजु गर्ने) | मापदण्ड | अंक | कै. |
|---|---|---|---|---|---|
| १ | स्वास्थ्य आमा समूह मिटिङ सञ्चालन (Mother Group Meeting held ) | मासिक अनुगमन तालिका,मासिक प्रगति प्रतिवेदन (dhis2,HMIS9.3/9.4) | ९० प्रतिशत भन्दा बढी | ३ | |
| | | | ७० देखि ९० प्रतिशत प्रगति | २ | |
| | | | ७० प्रतिशत भन्दा कम | १ | |

## खण्डः १० गाउँघर क्लिनिक कार्यक्रम (अधिकतम अंकः ३)

| क्र.सं. | सूचकको नाम | मापन(अवलोकन गर्ने,रुजु गर्ने) | मापदण्ड | अंक | कै. |
|---|---|---|---|---|---|
| १ | योजना vs सञ्चालन (Planned vs Conducted) | गाँउघर क्लिनिक रजिष्टर,मासिक अनुगमन तालिका,मासिक प्रगति प्रतिवेदन (dhis2,HMIS9.3/9.4) | ९० प्रतिशत भन्दा बढी | ३ | |
| | | | ७० देखि ९० प्रतिशत प्रगति | २ | |
| | | | ७० प्रतिशत भन्दा कम | १ | |

## खण्डः ११ तथ्याङ्क त्रुटीहरु बिश्लेषण र प्रतिक्रिया (अधिकतम अंकः ३)

| क्र.सं. | सूचकको नाम | मापन(अवलोकन गर्ने,रुजु गर्ने) | मापदण्ड | अंक | कै. |
|---|---|---|---|---|---|
| १ | तथ्याङ्क त्रुटीहरु बिश्लेषण र प्रतिक्रिया (Data error checking false and response) | dhis2, eTB, eLMIS | तुरुन्तै प्रतिक्रिया | २ | |
| | | | ढिलो प्रतिक्रिया | १ | |
| | | | धेरै ढिलो प्रतिक्रिया | ० | |

## खण्डः१२ जिन्सी अध्यावधिक र लेखा परीक्षण (अधिकतम अंकः २)

## खण्ड ८) शेरावगर, नुवाकोट, २०८१ साल पौष २९ गते (संख्याः १७

| क्र.सं. | सूचकको नाम | मापन(अवलोकन गर्ने,रुजु गर्ने) | मापदण्ड | अंक | कै. |
|---|---|---|---|---|---|
| १ | जिन्सी अध्यावधिक र लेखा परीक्षण (Stock Adjustment and Audit Reporting) | जिन्सी रजिष्टर, eLMIS,आर्थिक लेखा परीक्षण प्रतिवेदन | श्रावण मसान्तभित्र जिन्सी निरीक्षण र लेखा परीक्षण प्रतिवेदन दुबै पेश गरेमा | २ | |
| | | | श्रावण मसान्तपछि जिन्सी निरीक्षण र लेखा परीक्षण प्रतिवेदन दुबै पेश गरेमा | १ | |
| | | | श्रावण मसान्तपछि जिन्सी निरीक्षण र लेखा परीक्षण प्रतिवेदन दुबै पेश नगरेमा | ० | |

### खण्डः १३ मासिक समिक्षा मिटिङ सहभागिता र प्रस्तुति (अधिकतम अंकः ३)

| क्र.सं. | सूचकको नाम | मापन(अवलोकन गर्ने,रुजु गर्ने) | मापदण्ड | अंक | कै. |
|---|---|---|---|---|---|
| १ | मासिक समिक्षा मिटिङ (Monthly Review Meeting and Programs ) | अध्ययन अवलोकन, प्रतिक्रिया | नियमितता, समयपालक र जवाफदेहिता तिन वटै भएमा | ३ | |
| | | | नियमितता, समयपालक र जवाफदेहिता मध्ये कुनै २ वटा भएमा | २ | |
| | | | नियमितता, समयपालक र जवाफदेहिता मध्ये कुनै १ वटा भएमा | १ | |

### खण्डः १४ वार्षिक समीक्षा सहभागिता र प्रस्तुति (अधिकतम अंकः ३)

| क्र.सं. | सूचकको नाम | मापन(अवलोकन गर्ने,रुजु गर्ने) | मापदण्ड | अंक | कै. |
|---|---|---|---|---|---|
| १ | सहभागिता र प्रस्तुति (Participation and Presentation) | प्रस्तुति अध्ययन अवलोकन,प्रतिक्रिया | सबैभन्दा उत्कृष्ट Best | ३ | |
| | | | उत्तम Better | २ | |
| | | | राम्रो Good | १ | |

### खण्डः १५ अन्य नविनतम गतिविधिहरु (अधिकतम अंकः ३)

| क्र.सं. | सूचकको नाम | मापन(अवलोकन गर्ने,रुजु गर्ने) | मापदण्ड | अंक | कै. |
|---|---|---|---|---|---|
| १ | नविनतम प्रयासहरु | अध्ययन अवलोकन,प्रतिवेदन | जेष्ठ नागरिक तथा'क' वर्गका अपाङलाई घरदैलो स्वास्थ्य परीक्षण कार्यक्रम (Senior Citizen/Disable Home Visit Check up Service) | १ | |
| | | | स्वस्थ्य आमा समूह मिटिङ सहजिकरण (Mother Group Meeting Facilation) | १ | |
| | | | विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम (School Health Education Progarm) | १ | |

### खण्डः १६ स्वास्थ्य संस्था अनुगमन तथा सुपरिवेक्षण प्रतिवेदन (अधिकतम अंकः ३)

| क्र.सं. | सूचकको नाम | मापन(अवलोकन गर्ने,रुजु गर्ने) | मापदण्ड | अंक | कै. |
|---|---|---|---|---|---|
| १ | अनुगमन तथा सुपरिवेक्षण (Monitoring and Supervision ) | अनुगमन, अध्ययन अवलोकन, प्रतिक्रिया | धेरै राम्रो | ३ | |
| | | | राम्रो | २ | |
| | | | सन्तोषजनक | १ | |

| क्र.सं. | सूचकको नाम | मापन(अवलोकन गर्ने,रुजु गर्ने) | मापदण्ड | अंक | कै. |
|---|---|---|---|---|---|
| | | | सुधार गर्नुपर्ने | ० | |

## अनुसूची-३

## उत्कृष्ट महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाको छनौट

महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाको नाम थरः

वडा नः ..................... परिचय पत्र नः ..................

आ.वः .......................

**सम्पादित कामको विवरणः**

१.सेवा रजिष्टर अध्यावधिक गरेको

२.नियमित पोषाक पहिरन गरेको

३.स्वास्थ्य आमा समूह मिटिङ सञ्चालन गरेको

४.खोप तथा गाँउघर क्लिनिकमा सहभागी भएको

५. समयमा नै नियमित प्रतिवेदन तथा मासिक मिटिङमा सहभागी भएको

६. बालबालिकाको वृद्धि अनुगमन तथा गर्भवती र सुत्केरी घरभेट गर्ने गरेको

७. सिर्जनशील तथा अग्रसरता भएको

८. पेशागत संवेदनशीलता (इमान्दारिता र गोपनीयता) भएको

## अनुसूची-४
## उत्कृष्ट स्वास्थ्य आमा समूह छनौटको आधार

स्वास्थ्य आमा समूहको नामः ..............................

वडा नः ................टोलः ...................

आ. वः .......................

(१) नियमित रुपमा आमा समहूको बैठक बसेको

(२) वडा सरसफाई र खाद्य प्रवर्द्धनमा सहभागी भएको

(३) बैठकमा स्वास्थ्य सम्बन्धि विषयमा छलफल गर्ने गरेको

(४) बैठकको निर्णय अनुसार कार्य गर्ने गरेको

(५) अन्य नवीनतम कार्यहरु गर्ने गरेको

## अनुसूची-५

## स्वास्थ्य संस्थास्तरमा अनुगमन तथा सुपरिवेक्षण गर्दा प्रयोग गरिने चेक लिष्ट (आधारभुत अस्पताल, स्वास्थ्य चौकी, ग्रामिण सामुदायिक स्वास्थ्य ईकाइ)

अनुगमन/सुपरिवेक्षण गरेको मितिः

स्वास्थ्य संस्थाको नामः वडा नः

स्वास्थ्य संस्था प्रमुखको नामः मोबाइल नं

| क्र. सं. | मुल्याङ्कनका बुँदाहरु | पुस्ट्याइका आधारहरु | हालको अवस्था | | | | | कै. |
|---|---|---|---|---|---|---|---|---|
| | | | धेरै राम्रो √ | राम्रो √ | सन्तोषजनक √ | न्यून √ | शून्य √ | |
| १ | स्वास्थ्य संस्था भवन र आवासको अवस्थाः सेवाग्रहीमैत्री,नियमित मर्मत संभार | तयारी लागत,अनुमान,अवलोकन, छलफल | | | | | | |
| २ | जनशक्तिको उपलब्धता,पर्याप्तता, तथा क्षमता अभिवृदि | पदपूर्ति र पदपूर्तिकालागि गरिएको पत्राचार,अभिमुखीकरण | | | | | | |
| ३ | औषधि उपकरण तथा सामाग्री भण्डारणको अवस्था | जिन्सी रजिष्टर र भौतिक गणना,मापदण्ड बमोजिमको स्टोर कोठा | | | | | | |
| ४ | फोहर व्यवस्थापन | अवलोकन, छलफल | | | | | | |
| ५ | खानेपानी,धारा तथा ढल निकासको अवस्था | छलफल | | | | | | |
| ६ | बिजुली तथा सोलारको अवस्था | तयारी,लागत अनुमान, अवलोकन, छलफल | | | | | | |
| ७ | कप्युटर तथा इन्टरनेट जडानको अवस्था | तयारी, अवलोकन, छलफल | | | | | | |
| ८ | बिरामीहरुका लागि प्रतिक्षालयको अवस्था | तयारी, अवलोकन, छलफल | | | | | | |
| ९ | स्वास्थ्य संस्थामा शौचालयको अवस्था (महिला, पुरुष, अपाङ्गमैत्री) | तयारी, अवलोकन, छलफल | | | | | | |
| १० | स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको सकृयता | माइन्युट, छलफल | | | | | | |
| ११ | खोप तालिका अनुसार सेवा संचालन | खोप रजिष्टर | | | | | | |
| १२ | आकस्मिक प्रसूति सेवाका लागि प्रेषणको व्यवस्था | प्रेषण स्लिप तथा रजिष्टर | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १३ | सार्वजनिक लेखा परीक्षणको अभ्यास | छलफल, माइन्युट | | | | | | |
| १४ | नागरिक बडापत्र उपयुक्त स्थानमा राखिएको | अवलोकन | | | | | | |
| १५ | सबै कर्मचारीहरु कार्यालय समयमा नै उपस्थित भएको | अवलोकन | | | | | | |
| १६ | औषधि,उपकरण तथा सामाग्रि भण्डारणको अवस्था | जिन्सी रजिष्टर,स्टोर कोठा अवलोकन | | | | | | |
| १७ | स्वास्थ्य शिक्षा सम्बन्धि पोष्टर,फ्लिप चार्ट सबैले देख्ने स्थानमा राखेको | अवलोकन | | | | | | |
| १८ | बार्षिक कार्य योजना तयार गरी टाँसेको | अवलोकन | | | | | | |
| १९ | स्वस्थ्य संस्था गतिविधि र सुधारको लागि आर्थिक स्रोत जुटाएको | मिटिङ माइन्युट अवलोकन | | | | | | |
| २० | खोप तालिका अनुसार सेवा सञ्चालन | खोप रजिष्टर,मोनिटरिङ्ग सिट अवलोकन | | | | | | |
| २१ | दुई वर्ष मुनिका बालबालिकाको वृद्धि अनुगमन गरे नगरेको | पोषण रजिष्टर, अवलोकन | | | | | | |
| २२ | स्वास्थ्य संस्थामा गोपनियता सहितको गर्भ जाँच गराउने छुट्टै कोठाको व्यवस्था | अवलोकन, अभिलेख | | | | | | |
| २३ | एकीकृत बालरोग व्यवस्थापन अनुसार वर्गीकरण तथा व्यवस्थापन | एकीकृत बालरोग व्यवस्थापन रजिष्टर, प्रोटोकल | | | | | | |

स्वास्थ्य संस्थाले आफ्नै पहलमा गरेका सिर्जनात्मक कार्यहरु

१

२

३

४

५

स्वास्थ्य संस्थाबाट आएका विशेष सुझाबहरु

१

२

३

सुपरिवेक्षकहरुको नोट

नतिजाः

अनुगमनरसुपरिवेक्षण कर्ताको

नाम थर पद

हस्ताक्षर

१

२

३

४

५

## अनुसूची ६

### स्वास्थ्य सेवा बाहेक अन्य सेवाका उत्कृष्ट कर्मचारी छनौटको आधार

१. अन्य सेवाका उत्कृष्ट कर्मचारी छनौट अनुसूची-१ मा तोकिए बमोजिमको मापदण्डको आधारमा गरिनेछ ।

**आज्ञाले,**
**बद्रिनाथ लम्साल**
**प्रमुख प्रशासकीय अधिकृत**